# प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८

## १. पृष्ठभूमिः

प्लाष्टिकको झोला नकुहिने प्रकृतिको हुने हुनाले निकै लामो समयसम्म सोही रुपमा नै वातावरणमा रहिरहने गर्दछ। यसको अव्यवस्थित विसर्जनबाट वातावरणमा विभिन्न प्रकारका दुष्प्रभावहरु देखिने, जमिनको उर्बराशक्ति घट्नुका साथै, प्लाष्टिकको झोला पानीको मुहानमा जम्मा भई मुहान थुनिने र यसबाट ढल निकासमा अवरोध आई वातावरण प्रदूषण हुने खतरा हुन्छ। प्लाष्टिक झोलालाई जलाउँदा यसबाट हानिकारक तथा प्राणघातक ग्याँस उत्सर्जन हुने हुँदा जलाउने प्रचलन अत्यन्त जोखिमयुक्त देखिन्छ। प्लाष्टिकजन्य सामाग्री जलाउँदा उत्सर्जन हुने ग्याँसले ओजोन तहको विनाश गर्नुको साथै जलवायु परिवर्तनमा पनि प्रतिकूल असर पर्ने हुँदा समस्त मानव तथा जीवजन्तुको स्वास्थ्यमा समेत नकारात्मक प्रभाव पर्न जान्छ। अतः वातावरण तथा मानव स्वास्थ्यमा पर्ने जोखिम न्यूनिकरण गर्नको लागि नेपाल सरकारले आ.व. २०७८/७९ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्यको बुँदा नं. १६० मा चालिस माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, विक्री वितरण र प्रयोगमा मिति २०७८ श्रावण १ गतेदेखि पूर्णरुपमा प्रतिबन्ध लगाउने नीतिगत उदघोष र सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८ श्रावण २८ मा नेपाल सरकारले घोषणा गरेको प्रतिवन्धलाई प्रभावकारी रुपमा पालना गराउन कार्यान्वयनयोग्य कार्ययोजना तयार गरी प्लाष्टिक झोलाको उत्पादन, आयात, विक्री वितरण र प्रयोगमा देशभर प्रतिबन्ध लागू गर्न नेपाल सरकारको नाममा आदेश भएको छ।

### १.१ कानुनी तथा नीतिगत व्यवस्थाः

नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रुपमा स्वीकार गरेको र पन्ध्रौं योजनाले तोकिएको मापदण्ड भन्दा बाहेकको प्लाष्टिकको उत्पादन र प्रयोगमा प्रतिबन्ध, प्लाष्टिकजन्य पदार्थको पुनः प्रयोग र वैकल्पिक वातावरणमैत्री माध्यमबाट प्लाष्टिकको प्रतिस्थापन जस्ता लक्ष्यहरु हासिल गर्ने नीति लिएको छ। राष्ट्रिय वातावरण नीति, २०७६ बमोजिम प्रदूषणजन्य प्लाष्टिकको उपयोगलाई वैकल्पिक वातावरणमैत्री माध्यमबाट प्रतिस्थापन गरिने रणनीति तथा कार्यनीति अवलम्वन गरेको छ।

प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०६८ मा २० माइक्रोन भन्दा पातलो प्लाष्टिक झोलाको आयात, भण्डारण, विक्री वितरण तथा प्रयोगमा प्रतिबन्ध लगाइएको विषय समावेश गरिएको छ। उपर्युक्त व्यवस्था कार्यान्वयन गर्न निर्देशिकामा विभिन्न केन्द्रीय तथा जिल्ला अनुगमन समितिको काम, कर्तव्य र अधिकारको बारेमा व्याख्या गरिएको छ।

## १.२ प्लाष्टिक झोला नियन्त्रणमा विगतका प्रयासः

प्लाष्टिक झोलाको इतिहास लामो नभएता पनि छोटो समयमा नै यसको प्रयोगमा अत्यधिक रुपमा वृद्धि हुन गएको र यसबाट वातावरण तथा मानव स्वास्थ्यमा हुने असरलाई मध्यनजर गर्दै यसको अनावश्यक प्रयोगलाई विभिन्न समयमा प्रतिबन्ध लगाउने निर्णय भएतापनि उक्त कार्यमा पूर्णरुपमा सफलता हासिल हुन सकेको छैन। प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०६८ लागु भएसंगै पातलो प्लाष्टिकको झोलाको प्रयोगलाई नियन्त्रण गर्न थप ऊर्जा प्राप्त भएतापनि निर्देशिकाको पूर्ण पालना हुन सकेको थिएन। तसर्थ, पातलो प्लाष्टिक झोलाको प्रयोगलाई थप कडाई गर्ने उद्देश्यका साथ नेपाल सरकारले बि.सं. २०७२ वैशाख १ गते बाट लागु हुने गरी काठमाडौं उपत्यकाभित्र २० ईन्च चौडाइ र ३५ ईन्च लम्बाइ भन्दा सानो र चालिस माइक्रोनभन्दा पातलो प्लाष्टिक झोलाको उत्पादन, भण्डारण, विक्री वितरण र प्रयोगमा प्रतिवन्ध लगाएको थियो। उक्त प्रतिबन्ध कार्यान्वयन गर्न वातावरण विभागले प्रभावकारी कार्ययोजना बनाएता पनि बि.सं. २०७२ वैशाखको विनाशकारी भूकम्पका कारण उक्त व्यवस्था पूर्णतः कार्यान्वयन हुन सकेन। तत्पश्चात बि.सं. २०७५ फागुनमा वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षणका लागि सार्वजनिक गरेको सय बुँदे प्राथमिकतामा प्लाष्टिक झोला नियन्त्रण गर्ने कार्यलाई प्राथमिकता दिईएको थियो।

## १.३ प्लाष्टिक झोलाको वातावरणमा पर्ने प्रतिकूल प्रभावः

प्लाष्टिकका झोला टुक्रिएर माइक्रो-प्लाष्टिकमा रुपान्तरित हुँदा वातावरण प्रदूषण हुने गर्दछ । प्लाष्टिक झोलाको कारण वातावरण, मानवस्वास्थ्यमा पर्ने प्रतिकूलताका अतिरिक्त प्लाष्टिकका झोलाबाट हुने अन्य असरहरू यस प्रकार छनः

१) प्लाष्टिकका झोलामा जलचर अल्झेर जलचरको मृत्युको कारक बन्ने गरेको,
२) प्लाष्टिकका झोला टुक्रिएर हरित-गृह ग्याँस उत्सर्जन हुने,
३) प्लाष्टिकका झोला बाल्दा वायुमण्डलमा डाइअक्सीन, फ्युरान जस्ता विषालु ग्याँस उत्सर्जित हुने,
४) प्लाष्टिकका झोलामा जैविक फोहोर हालेर फाल्दा यस्ता फोहोर कुहिएर वातावरणमा मिल्न जान नपाउने भएकोले फोहोर व्यवस्थापनमा समस्या हुने,
५) प्लाष्टिकका झोला जताततै फाल्दा हावासँगै उडेर जाँदा ठाउँ ठाउँमा फोहोर देखिनुका साथै पानीको मुहानमा जम्मा हुन गई पानीको व्यवस्थापनमा समस्या आउने।

नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## १.४ औचित्य:

राष्ट्रिय वातावरण नीति, २०७६ र पन्ध्रौं योजनामा तोकिएको मापदण्ड भन्दा बाहेकको प्लाष्टिकको उत्पादन र प्रयोगमा प्रतिबन्ध, प्लाष्टिकजन्य पदार्थको पुनः प्रयोग र वैकल्पिक वातावरण-मैत्री माध्यमबाट प्लाष्टिकको प्रतिस्थापन गर्नुपर्ने उल्लेख गरिएको छ।आ.व. २०७८/७९ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्यमा २०७८ श्रावण १ देखि चालिस माइक्रोन भन्दा पातलो प्लाष्टिकका झोलाको उत्पादन तथा प्रयोगमा रोक लगाउने घोषणा भएको छ। साथै बर्तमान सङ्घीय संरचना अनुरूप प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०६८ मा समसामयिक परिमार्जन हुन बाँकी रहेकोले पनि कार्ययोजना तर्जुमा गरी लागु गर्न अपरिहार्य भएको छ ।

औद्योगिक कच्चा पदार्थ वा अर्ध तयारी कच्चा पदार्थको रुपमा प्रयोग हुने प्लाष्टिकजन्य कच्चा पदार्थ बाहेक चालिस माइक्रोन भन्दा पातलो प्लाष्टिकको झोला वा अन्य प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा पूर्ण रुपमा रोक लगाएको सूचना मिति २०७८ असोज १८ को नेपाल राजपत्रमा प्रकाशन भईसकेको छ । अतः वातावरणीय नीति तथा कानूनले निर्दिष्ट गरेका लक्ष्य एवं उद्देश्य हासिल गर्न एवं आम जनतामा स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने संवैधानिक हकलाई सुनिश्चित गर्न चालिस माइक्रोनभन्दा पातलो प्लाष्टिक झोला प्रतिबन्ध लगाउन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्नु जरुरी भएको छ।

## २. दीर्घकालिन सोच:

एकल प्रयोग (Single use) हुने प्लाष्टिक झोला मुक्त नेपाल ।

## ३. लक्ष्य:

नेपालभर चालिस माइक्रोन भन्दा पातलो प्लाष्टिकका झोलाको प्रयोगको रोकथाम तथा नियन्त्रण गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्ने।

## ४. उद्देश्य:

क) विभिन्न क्षेत्रमा एकल प्रयोग हुने चालिस माइक्रोन भन्दा पातलो प्लाष्टिकका झोलाको उत्पादन, भण्डारण, बिक्री वितरण तथा प्रयोगमा रोक लगाउने।

ख) प्लाष्टिकजन्य बाहेकका वातावरणमैत्री वैकल्पिक झोलाको उत्पादन तथा प्रयोग गर्नका लागि सरोकारवाला तथा सर्वसाधारणमा जनचेतना अभिवृद्धि गर्ने।



नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## ५. रणनीतिः

क) औद्योगिक कच्चा पदार्थ वा अर्ध तयारी कच्चा पदार्थको रुपमा प्रयोग हुने प्लाष्टिकजन्य कच्चा पदार्थ बाहेक चालिस माइक्रोन भन्दा पातलो प्लाष्टिकको झोला वा अन्य प्लाष्टिकको कच्चा पदार्थ आयातमा रोक लगाउने।

ख) चालिस माइक्रोनभन्दा पातलो प्लाष्टिकका एकल प्रयोग हुने झोलाको आयातमा पूर्णरुपमा रोक लगाउने।

ग) चालिस माइक्रोनभन्दा बढी मोटाई भएका प्लाष्टिक झोलाको उत्पादनका लागि नयाँ मेशिन खरिद गर्न र वातावरणमैत्री वैकल्पिक झोलाको उत्पादन गर्न उद्योगलाई प्रोत्साहन स्वरुप अनुदान दिने।

घ) पातलो प्लाष्टिक झोलाले वातावरण र मानवस्वास्थ्यमा पार्ने प्रतिकूल असरबारे जनचेतना अभिबृद्धि गर्दै सकेसम्म घरैबाट आफूसँग वातावरणमैत्री झोला लैजान सर्वसाधारणलाई प्रोत्साहित गर्ने।

## ६. प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजनाः

| विषय | क्रियाकलापहरु | समय | सूचक | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. प्लाष्टिक झोला उत्पादनमा रोक | नेपालभर चालिस माइक्रोन भन्दा पातलो प्लाष्टिक झोला उत्पादनमा पूर्ण प्रतिबन्ध लगाउने। | तुरुन्तै/ निरन्तर | नेपाल राजपत्रमा प्रकाशित सूचना | वन तथा वातावरण मन्त्रालय | गृह मन्त्रालय, वातावरण विभाग, वातावरण क्षेत्र हेर्ने प्रदेश मन्त्रालय, सम्वन्धित स्थानीय तह |
| | प्लाष्टिक झोला उत्पादन गर्ने उद्योगको नियमित रुपमा अनुगमन गर्ने | पहिलो पटक २ महिनाभित्र र तत्पश्चात निरन्तर | अनुगमन प्रतिवेदन र सङ्ख्या | उद्योग विभाग, वातावरण क्षेत्र हेर्ने प्रदेशको सम्बन्धित मन्त्रालय, स्थानीय तह | नेपाल गुणस्तर तथा नापतौल विभाग, वातावरण विभाग |
| | चालिस माइक्रोन भन्दा बढी बाक्लो प्लाष्टिक झोलाको उत्पादन गर्न स्तर बृद्धि गर्ने उद्योगलाई अनुदान दिने कार्यविधि स्वीकृत गर्ने। | ६ महिना भित्र | कार्यविधि र अनुदान रकम | अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | उद्योग विभाग, वातावरण विभाग, प्रदेशका मन्त्रालयहरु, स्थानीय तह |
| | नयाँ प्रविधिको मेसिन जडान तथा सञ्चालनको लागि सम्बन्धित उद्योगबाट प्राबिधिक सहयोग माग भएमा स्वीकृत कार्यविधिका | निरन्तर | प्राविधिक सहयोगको पटक | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | वन तथा वातावरण मन्त्रालय |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| | आधारमा सहयोग उपलब्ध गराउने। | | | | |
| | प्लाष्टिक झोला उत्पादनको अभिलेख राखि सोको जानकारी सम्बन्धित निकायमा पठाउने । | तुरुन्तै/ निरन्तर | प्रतिवेदन र संख्या | नेपाल प्लाष्टिक उत्पादक सङ्घ, प्लाष्टिक झोला उत्पादन गर्ने उद्योग | वन तथा वातावरण मन्त्रालय, वातावरण हेर्ने प्रदेश मन्त्रालय, स्थानीय तह |
| | प्लाष्टिक झोला उत्पादक, आयातकर्ता, भण्डारणकर्ता तथा बिक्रेताले प्रत्येक झोलाको बाहिरी भागमा नमेटिने खालको मसी प्रयोग गरी देहायका विवरणहरु उल्लेख गर्ने व्यवस्था कार्यान्वयनमा ल्याउने:<br>क. उत्पादकको नाम, ठेगाना,<br>ख. पुन:प्रशोधन (Recycling)को लोगो/चित्र (Pictorial depiction),<br>ग. प्लाष्टिक झोलाको मोटाइ (माइक्रोन)<br>घ. भर्जिन ग्रयानुल्सबाट बनेको व्यहोरा (कालो झोला बाहेक)<br>ङ. छपाइको न्यूनतम फन्ट साइज: २४-२६,<br>च. प्लाष्टिक झोलाको साइज,<br>छ. समय-समयमा मन्त्रालयले तोकिदिएका अन्य कुराहरु। | १५ दिनभित्र/ निरन्तर | उपलब्ध प्लाष्टिक झोलामा विवरण छापिएको हुने । | प्लाष्टिक उत्पादक सङ्घ, प्लाष्टिक झोला उत्पादन गर्ने उद्योग | उद्योग विभाग, वातावरण विभाग, जिल्ला प्रशासन कार्यालय |
| | वैकल्पिक झोलाको रुपमा Starch-based biodegradable plastic को प्रयोग गरि उत्पादन भएका झोला लगायतका सामग्रीमा निश्चित समयका लागि मू. अ. कर, अन्तशुल्क छुट प्रदान गर्ने। | आ. व. २०७८/७ ९ भित्र | आर्थिक ऐनमा गरेको व्यवस्था | अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | अर्थ मन्त्रालय वा अन्तर्गतका निकाय, वातावरण विभाग |
| | स्वीकृत कार्यविधिका आधारमा वैकल्पिक झोला उत्पादन गर्ने उद्योगी व्यवसायीलाई अनुदान उपलब्ध गराई वैकल्पिक झोला उत्पादन गर्न प्रोत्साहित गर्ने । | १ वर्ष भित्र (निरन्तर) | अनुदान दिएको रकम/सङ्ख्या | अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | स्थानीय तह, प्रदेश उद्योग हेर्ने मन्त्रालय, निर्देशनालय र जिल्ला घरेलु तथा साना उद्योग कार्यालयहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्लाष्टिकका झोला उत्पादन गर्ने उद्योगको छुट्टै डाटाबेस तयार गरी नियमित अनुगमन गर्ने | १ वर्ष भित्र (निरन्तर) | प्लाष्टिक झोला उद्योगहरु को डाटाबेस तयारी | उद्योग विभाग र प्रदेश उद्योग हेर्ने मन्त्रालय, | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, |
| २. प्लाष्टिक झोला आयातमा रोक लगाउने । | चालिस माइक्रोन भन्दा पातलो प्लाष्टिक झोला आयातमा रोक लगाउन विश्व व्यापार सङ्गठनलाई पत्राचार गर्ने। | १ महिना भित्र | WTO TBT Notification | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | नेपाल गुणस्तर तथा नापतौल विभाग |
| | देशका विभिन्न नाकाबाट आयात हुने चालिस माइक्रोन भन्दा पातलो प्लाष्टिक झोलामा रोक लगाउने। | १ वर्ष भित्र | आयात बिन्दुमा नियन्त्रण गरेको परिमाण | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भन्सार विभाग | गृह मन्त्रालय, नेपाल गुणस्तर तथा नापतौल विभाग, वातावरण विभाग, |
| ३. प्लाष्टिक झोला बिक्री वितरण को नियमन गर्ने। | देशभरमा चालिस माइक्रोन भन्दा पातलो प्लाष्टिक झोला आयात, उत्पादन, भण्डारण र बिक्री-वितरणलाई निषेध गर्ने। | १ महिना भित्र | सूचना, पत्राचार | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय, प्रदेशका मन्त्रालय |
| | चालिस माइक्रोन भन्दा पातलो प्लाष्टिक झोला उत्पादन हुने, Die को प्रयोग वा Plant आयातमा रोक लगाउने र त्यस्ता उद्देश्य भएको नयाँ उद्योग दर्ता नगर्ने र नयाँ इजाजत नदिने । | १ वर्ष भित्र (निरन्तर) | चालिस माइक्रोन भन्दा पातलो प्लाष्टिक झोला उत्पादन गर्ने उद्योग स्थापना नभएको हुने। | उद्योग क्षेत्र हेर्ने प्रदेश मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| | बजारमा चालिस माइक्रोन भन्दा पातलो प्लाष्टिक झोलाको बिक्री-वितरण भए/नभएको अनुगमन गर्ने | २ महिना भित्र | अनुगमन गरेको सङ्ख्या | वाणिज्य,आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग, प्रदेश मन्त्रालय, वातावरण विभाग, स्थानीय तह, जिल्ला प्रशासन कार्यालय | नेपाल गुणस्तर तथा नापतौल विभाग, गृह मन्त्रालय |



नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ४. प्लाष्टिक झोला प्रयोग निरुत्साहित गर्न जनचेतना अभिवृद्धि गर्ने। | चालिस माइक्रोन भन्दा पातलो एकल प्रयोग हुने प्लाष्टिक झोला प्रयोग नगर्न सर्वसाधारणमा सचेतना अभिवृद्धि गराउने । | निरन्तर | जारी गरेको सूचना | वातावरण विभाग, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्थानीय तह, वातावरण क्षेत्र हेर्ने प्रदेश मन्त्रालयहरु |
| ५. प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका २०६८ संशोधन | सङ्घ, प्रदेश र स्थानीय तहको तहगत अनुगमनको व्यवस्था सहितको निर्देशिका तयार गर्ने। | १ महिना भित्र | संशोधित निर्देशिका तयार हुने | वातावरण विभाग, वन तथा वातावरण मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय |

## ७. कार्ययोजना कार्यान्वयन केन्द्रीय अनुगमन समितिः

सम्मानित सर्वोच्च अदालतलबाट प्लाष्टिक झोला प्रतिबन्ध कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा कार्ययोजना कार्यान्वयन गर्नका लागि निरन्तर अनुगमनको संयन्त्र तयार गर्ने आदेश भए अनुसार प्रस्तुत कार्ययोजना कार्यान्वयनको अनुगमन गर्न देहाय बमोजिमको केन्द्रीय अनुगमन समिति गठन गरिएको छः

| | | |
|---|---|---|
| क) | मुख्य सचिव, नेपाल सरकार | संयोजक |
| ख) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आर्थिक तथा पूर्वाधार क्षेत्र हेर्ने) | सदस्य |
| ग) | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| घ) | सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| ङ) | सचिव, गृह मन्त्रालय | सदस्य |
| च) | सचिव, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| छ) | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य |
| ज) | सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| झ) | सचिव, वातावरण हेर्ने प्रदेश मन्त्रालय (सबै) | सदस्य |
| ञ) | महानिर्देशक, भन्सार विभाग | सदस्य |
| ट) | महानिर्देशक, वाणिज्य,आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग | सदस्य |
| ठ) | महानिर्देशक, नेपाल गुणस्तर तथा नापतौल विभाग | सदस्य |
| ड) | अध्यक्ष, नेपाल नगरपालिका सङ्घ | सदस्य |
| ढ) | अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल | सदस्य |



नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| ण) | अध्यक्ष, उद्योग बाणिज्य महासङ्घ, नेपाल | सदस्य |
| त) | अध्यक्ष, नेपाल उद्योग परिसंघ | सदस्य |
| थ) | अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स | सदस्य |
| द) | अध्यक्ष, नेपाल प्लाष्टिक उत्पादक संघ | सदस्य |
| ध) | महानिर्देशक, वातावरण विभाग | सदस्य-सचिव |

## ८. कार्ययोजना कार्यान्वयन केन्द्रीय अनुगमन समितिको काम, कर्तव्य र अधिकारः

कार्ययोजना कार्यान्वयन केन्द्रीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) कार्ययोजनामा उल्लेख भए बमोजिम चालिस माईक्रोनभन्दा वढीको प्लाष्टिक झोलाको उत्पादन, सङ्कलन, विक्री वितरण, भण्डारण वा प्रयोग भए नभएको अनुगमन गर्न अनुगमन टोली परिचालन गर्ने।

ख) अनुगमन टोलीबाट प्राप्त प्रतिवेदन उपर छलफल गरी आवश्यक नीतिगत कानूनी, संरचनागत सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने।

ग) प्रदेश अनुगमन समिति र स्थानीय अनुगमन समितिको प्रगतिको जानकारी लिई सुधारका लागि सुझाव दिने।

घ) कार्ययोजना विपरीतको मोटाइ अनुरुपका प्लाष्टिक झोला उत्पादन, सङ्कलन, विक्री वितरण वा भण्डारण गर्ने फर्म, कम्पनी वा व्यक्तिबाट प्लाष्टिक झोला जफत गर्ने/गराउने।

ङ) प्लाष्टिक झोला उत्पादन, भण्डारण वा विक्री वितरण र प्रयोग कम गर्ने किसिमका जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी आवश्यक कार्य गर्ने।

## ९. प्रदेश अनुगमन समितिः

प्लाष्टिक झोलाको नियमन तथा नियन्त्रण गर्ने प्रयोजनका लागि देहायको पदाधिकारी रहने गरी प्रदेशमा प्रदेश अनुगमन समिति गठन गर्न सकिनेछः

| | |
|---|---|
| क) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयोजक |
| ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ग) सचिव, कानूनसंग सम्बन्धित प्रदेश मन्त्रालय | सदस्य |
| घ) सचिव, अर्थसँग सम्बन्धित प्रदेश मन्त्रालय | सदस्य |
| ङ) प्रमुख, प्रदेश प्रहरी कार्यालय | सदस्य |
| च) अध्यक्ष, प्रदेशस्तरीय सम्बन्धित उद्योग बाणिज्य संघ/संस्था | सदस्य |
| छ) सचिव, वातावरण हेर्ने प्रदेश मन्त्रालय | सदस्य-सचिव |



नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

**१०. प्रदेश अनुगमन समितिको काम, कर्तव्य र अधिकार:**

प्रदेश अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

क) आफ्नो प्रदेश भित्र चालिस माइक्रोन भन्दा पातलो प्लाष्टिक झोलाको उत्पादन, भण्डारण वा बिक्री वितरण र प्रयोग भए नभएको अनुगमन टोली गठन गरि परिचालन गर्ने।

ख) अनुगमन टोलीबाट प्राप्त प्रतिवेदनका आधारमा आवश्यक नीतिगत कानूनी, संरचनागत सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने।

ग) कार्ययोजना विपरीत मोटाइ अनुरुपका प्लाष्टिक झोला उत्पादन, सङ्कलन, बिक्री वितरण वा भण्डारण गर्ने फर्म, कम्पनी वा व्यक्तिबाट प्लाष्टिक झोला जफत गर्ने/गराउने।

घ) खण्ड "ग" बमोजिम जफत भएका प्लाष्टिक झोलाको मुचुल्का बनाई वातावरणमैत्री ढंगबाट उपलब्ध प्रविधि अनुरुप नष्ट गर्ने वा प्लाष्टिक झोला बाहेक अन्य प्लाष्टिक वस्तु उत्पादन गर्ने उद्योगलाई डाक बढाबढबाट बिक्री गर्ने गराउने।

ङ) जफत भएका प्लाष्टिक झोला नष्ट गर्दा लाग्ने खर्चमा २५ प्रतिशत थप गरी हुन आउने रकम कसुरदारबाट असुल उपर गर्ने व्यवस्था मिलाउने।

च) कसुरको मात्रा हेरी सजायका लागि कार्ययोजना कार्यान्वयन केन्द्रीय अनुगमन समितिमा पठाउने।

छ) कार्ययोजना कार्यान्वयन केन्द्रीय अनुगमन समितिले दिएको निर्देशन पालना गर्ने।

**११. स्थानीय अनुगमन समिति:**

प्लाष्टिक झोलाको नियमन तथा नियन्त्रण गर्ने प्रयोजनका लागि प्रत्येक स्थानीय तहले देहाय बमोजिमको स्थानीय अनुगमन समिति गठन गर्न सक्नेछ:

| | |
|---|---|
| क) उपमेयर/ उपाध्यक्ष, सम्बन्धित स्थानीय तह | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) वडा अध्यक्ष (सबै वडा) | सदस्य |
| घ) अध्यक्ष, स्थानीयस्तरको सम्बन्धित उद्योग बाणिज्य संघ/संस्था | सदस्य |
| ङ) प्रमुख, वातावरण हेर्ने शाखा | सदस्य-सचिव |

**१२. स्थानीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार:**

स्थानीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

क) आफ्नो स्थानीय तहभित्र चालिस माइक्रोन भन्दा पातलो प्लाष्टिक झोलाको उत्पादन, भण्डारण वा बिक्री वितरण र प्रयोग भए नभएको अनुगमन गर्ने।

ख) कार्ययोजनामा उल्लिखित मापदण्ड विपरीतका प्लाष्टिक झोला उत्पादन, सङ्कलन, बिक्री वितरण वा भण्डारण गर्ने फर्म, कम्पनी वा व्यक्तिबाट प्लाष्टिक झोला जफत गर्ने।

ग) खण्ड "ख" बमोजिम जफत भएका प्लाष्टिक झोलाको मुचुल्का बनाई वातावरणमैत्री हुने गरी उपलब्ध प्रविधि अनुरुप नष्ट गर्ने वा प्लाष्टिक झोला बाहेक अन्य प्लाष्टिक वस्तु उत्पादन गर्ने उद्योगलाई डाक बढाबढबाट बिक्री गर्ने गराउने।

घ) जफत भएका प्लाष्टिक झोला नष्ट गर्दा लाग्ने खर्चमा २५ प्रतिशत थप गरी हुन आउने रकम कसुरदारबाट असुल उपर गर्ने।

ङ) कसुरको मात्रा हेरी सजायका लागि कार्ययोजना कार्यान्वयन केन्द्रीय अनुगमन समितिमा पठाउने।

च) कार्ययोजना कार्यान्वयन केन्द्रीय अनुगमन समिति र प्रदेश अनुगमन समितिले दिएको निर्देशन पालना गर्ने।

छ) यस काम, कर्तव्य र अधिकारको सिमा भित्र रही समितिले आवश्यकता अनुसार विभिन्न कानूनी व्यवस्था तथा अनुगमन टोली गठन गर्न सक्नेछ।

**१३. स्रोत व्यवस्थापन:**

क) यस कार्ययोजनामा उल्लेखित सम्बन्धित तहका अधिकार क्षेत्रभित्र पर्ने कार्यक्रम कार्यान्वयन गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो नियमित वार्षिक कार्यक्रममा समावेश गरी स्रोतको व्यवस्थापन गर्नुपर्नेछ।

ख) यस कार्ययोजना कार्यान्वयनका लागि सम्बन्धित समुदाय, निजी क्षेत्र र सहकारीको योगदान र लगानीलाई प्रोत्साहित गरिनेछ।

**१४. जोखिम:**

यस कार्ययोजनाको कार्यान्वयन र लक्ष्य प्राप्तिमा देहायका जोखिम पहिचान गरिएको छ।

क) सङ्घ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय र सहकार्य नभएमा यस कार्ययोजना कार्यान्वयन नहुने जोखिम रहने छ। उक्त जोखिम निराकरणका लागि समन्वय र सहकार्यलाई प्रभावकारी तुल्याउन यस कार्ययोजनाका अतिरिक्त आवश्यकतानुसार बिषयगत दक्षता र ज्ञानको आधारमा संयन्त्रको व्यवस्था गरिनुपर्ने हुन्छ।

ख) सरकारी, गैरसरकारी, निजी क्षेत्र र नागरिक समाजसँग प्रभावकारी सहकार्य नभएमा यस कार्ययोजनाले लिएका नीतिगत व्यवस्था कार्यान्वयनमा समस्या सृजना हुनेछ। यस प्रकारको जोखिम व्यवस्थापनका लागि तीन तहका सरकारको संयुक्त प्रयासलाई प्रभावकारी बनाउन आवश्यक संरचना बनाउनु पर्ने हुन्छ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

### १५. अपेक्षित नतिजा:

यो कार्ययोजना कार्यान्वयन भए पश्चात् नेपाल राज्यभर चालिस माइक्रोनभन्दा पातला प्लाष्टिकका झोलाको आयात, उत्पादन, भण्डारण, बिक्री वितरण तथा प्रयोगमा प्रतिवन्ध लाग्नेछ। यसबाट देहाय बमोजिमका नतिजा प्राप्त हुनेछन् ।

१. देशमा प्लाष्टिकका झोलाजन्य फोहोर उत्पादन न्यूनीकरण हुनेछ।
२. वायुमण्डलमा प्रदुषणयुक्त ग्याँस उत्सर्जनमा कमी आउनेछ।
३. प्लाष्टिकका झोलाको फोहोरबाट हुने वातावरणीय क्षतिमा कमी हुनेछ।
४. वैकल्पिक झोलाको प्रवर्द्धनबाट मानव तथा जीवजन्तुलाई स्वास्थ्यमा हुने प्रतिकुल असरबाट बचाउन सकिनेछ।
५. सर्वसाधारणमा वातावारणमैत्री वैकल्पिक झोलाको उत्पादन तथा प्रयोगमा जागरुकता बढ्नेछ।
६. वातावरणीय स्वच्छता कायम भई सर्वसाधारणको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित हुनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. : म.बै./३२१/ 4966

मितिः २०७८/१०/१७

श्री सचिव,
वन तथा वातावरण मन्त्रालय।

प्लाष्टिक झोला प्रतिवन्धसम्बन्धी कार्ययोजना, २०७८ स्वीकृति विषय म.प.बै.सं. ६३/०७८ मिति २०७८/१०/१७ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

नेपाल सरकारको निर्णय–

"प्लाष्टिक झोला प्रतिबन्धसम्बन्धी कार्ययोजना, २०७८ स्वीकृति विषयको वन तथा वातावरण मन्त्रालयको दर्ता नं. १५/४२-०७८/९/८ को प्रस्ताव म.प.बै.सं. ५९/०७८ मिति २०७८/९/१४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७८/१०/७ को मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट परिमार्जन भएबमोजिमको यसैसाथ संलग्न "प्लाष्टिक झोला प्रतिबन्धसम्बन्धी कार्ययोजना, २०७८" स्वीकृत गर्ने।"

(शंकरदास बैरागी)
मुख्यसचिव

**बोधार्थः**
श्री सचिव, मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समिति।